Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

# अनुसन्धान

शोधमूलक अर्द्धवार्षिक नेपाली जर्नल

सर्वाधिकार  नेपाली विभाग, सिक्किम विश्वविद्यालय

email: anusandhaned@gmail.com

आवारण – देवचन्द्र सुब्बा

मूल्यः २५० रुपियाँ मात्र

ANUSANDHAN
*Nepali Research Journal- December 2018*
*Peer Reviewed*

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

# अनुसन्धान

शोधमूलक अर्द्धवार्षिक नेपाली जर्नल

**संरक्षक**

प्रो. अविनाश खरे

कुलपति

**प्रधान सम्पादक**

देवचन्द्र सुब्बा

उप प्राध्यापक

**सम्पादन मण्डली**

डा. पुष्प शर्मा, विभागाध्यक्ष

डा. कविता लामा, सह प्रध्यापक

डा. समर सिन्हा, उप प्राध्यापक

बलराम पाण्डे, उप प्राध्यापक

डा. अरूणा राई, उप प्राध्यापक

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

# विषय सूची


| | | | |
|---|---|---|---|
| १. | डा पुष्प शर्मा | लोकवार्ताविज्ञानभित्र गाउँखाने कथाको अध्ययन | १–१६ |
| २. | डा गीता थपलिया त्रिपाठी | उत्तरवर्ती नेपाली कवितामा उत्तरऔपनिवेशिक पर्यावरण | १७–३० |
| ३. | सविता तामाङ | नारीवादी अवधारणाका आधारमा मध्यान्तर उपन्यासको विश्लेषण | ३१–४२ |
| ४. | योगेश खाती | व्यवस्था, साहित्य र अभिव्यक्ति पूर्ण गुरुङ 'निरूपम' कृत 'बन्धकी राखिएको सिन्दूर' नाटक एक परिचर्चा | ४३–५२ |
| ५. | डा सुमन वान्तवा | नेपाली कवितामा लेप्चा मिथकको प्रयोग | ५३–६१ |
| ६. | दिपेन तामाङ | देवकुमारी थापाको अवश्यंभावी कथा : सन्दर्भ सपना सिद्धान्त | ६२–६८ |
| ७. | शारदा छेत्री | द्रोह उपन्यासमा नारी–पुरुष चरित्र : संक्षिप्त अध्ययन | ६९–७४ |
| [redacted] | सुरज गुरुङ | नेपाली कथामा भौतिक भिन्ना क्षमता | ७५–८७ |
| ९. | कृष्णकुमार सापकोटा | सांस्कृतिक अध्ययनअन्तर्गत मल कल्चर : सन्दर्भ 'विश्व तिम्रा चरणमा' | ८८–९६ |
| १०. | सरस्वती मिश्रा | 'विपना कतिपय' का केही कथाहरूको समाजभाषिक अध्ययन | ९७–१०४ |
| ११. | | लेखक परिचय | १०५ |
| १२. | | *अनुसन्धान* जर्नलको निम्ति नियमावली | १०६ |

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

## दिपेन तामाङ

# देवकुमारी थापाको *अवश्यंभावी* कथा : सन्दर्भ सपना सिद्धान्त

*सार* *नेपाली कथा विधामा देवकुमारी थापाको छुट्टै स्थान छ। नारी मनोविश्लेषणका दृष्टिले उनका कथाहरू सफल छन्। उनी नेपाली कथामा त्यो समय देखा परेकी हुन् जुन समयमा नारी कथाकारहरूको उपस्थिति नेपाली कथामा कम हुने गर्थ्यो। नेपाली साहित्यले जति पुरुष कथाकारहरूबाट राम्रा कथा पाएको छ त्यत्तिकै राम्रा कथाहरू नारी कथाकारहरूले पनि दिएका छन्। ती नारी कथाकारहरू मध्ये देवकुमारी थापाको नाम अग्र पंक्तिमा लिन सकिन्छ। यस लेखमा उनको 'अवश्यंभावी'-कथाको सपना सिद्धान्तका आधारमा विश्लेषण गर्ने प्रयास गरिएको छ।*

*बीज शब्द* *मनोविज्ञान, चेतन, अर्द्धचेतन, अवचेतन, सपना सिद्धान्त।*

### १. देवकुमारी थापाको परिचय

नेपाली कथा साहित्यमा देवकुमारी थापा एकजना परिचित नाम हो। दार्जिलिङको खर्साङमा जन्मिए तापनि उनले आफ्नो कर्मक्षेत्र नेपाल बनाइन्। आधुनिक नेपाली साहित्यमा सुपरिचित देवकुमारी थापा विवाहपूर्व देवकुमारी सिंहका नामले परिचित थिइन्। जीवनभरि साहित्य सेवा र साधनामा समर्पित थापाको साहित्यिक यात्रा त्यस समय सुरु भएको हो, जुन समय नेपाली साहित्यमा नारीकथाकारको स्थिति शून्यप्रायः थियो। विद्यार्थी जीवनदेखि नै साहित्य अध्ययन र लेखनमा जागरूक थापा नेपाली नारी कथाकारहरूका लहरमा अग्र पंक्तिमा उभिन्छिन्। नारीको मनोवैज्ञानिक विश्लेषण गर्ने उनी प्रथम नेपाली नारी कथाकार हुन्। नारी मनोविज्ञान तथा बाल मनोविज्ञानको दृष्टिचेततर्फ सशक्त रूपमा कलम चलाउने उनी पहिलो आधुनिक नेपाली नारी कथाकार हुन्।

'ट्रपेडो'[१] शीर्षक रचनाबाट साहित्य लेखनमा प्रवेश गरेकी थापा विद्यार्थी जीवनदेखि नै साहित्यमा आफ्नो हस्ताक्षर चढाएकी हुन्। विद्यार्थीकालमा उनले 'भविष्य निर्माण' शीर्षकको कथा लेखिन। अन्ततः जीवनभरि त्यही कथाको माध्यमबाट नेपाली साहित्यमा उनी देवकुमारी थापाका रूपमा परिचित पनि छन्। 'गोर्खा' पत्रिकामा प्रकाशित 'पतन' शीर्षक कथाबाट भने उनको औपचारिक कथा लेखनको यात्रा सुरु भएको हो। उनले दार्जिलिङबाट प्रकाशित नेपाली भाषाको प्रथम बालपत्रिका 'हिमाल किशोर'-को सम्पादन पनि गरेको पाइन्छ। बाल साहित्यकारका रूपमा पनि उनी त्यति नै चर्चित छन्। कविता, जीवनी, निबन्ध र समालोचना लेखनमा पनि उनको कलम त्यत्तिकै सशक्त

१ लक्ष्मी उप्रेती (सम्पा), सन् १९९४, *वनिता*, (ध्रुवचन्द्र गौतमले लिइएको अन्तर्वार्ता), काठमाडौँ, पृ.५